"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पूर्ण नगरवासीको एउटै रहर"

परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जोगबुढा, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

चलानी नम्बर :- ६६४

मिति:२०८१/०८/२१

**विषय : राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ को लागि विद्यार्थी सहभागी गराउने सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु
परशुराम नगरपालिका, डडेल्धुरा ।

प्रस्तुत विषय सम्बन्धमा यस परशुराम नगरपालिकाको चालु आ. व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८१ पौष १८ गते देखि परशुराम रङ्ग मैदानमा नगर स्तरीय पन्ध्रौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ सञ्चालन गरिने भएकाले उक्त प्रतियोगितामा तहाँ विद्यालयबाट तपसिल बमोजिमका कागजात सहित खेलाडी सहभागिताका लागि अनुरोध गरिन्छ । साथै प्रतियोगितामा सहभागी विद्यार्थी/खेलाडीहरुले भर्नुपर्ने फारम र प्रतियोगितामा खेलाइने खेलहरुको विवरण यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ ।

कल्पना भट्ट
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पुरस्कारः

| क.स. | विवरण | पुरस्कार | मेडल र प्रमाणपत्रहरु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रथम | ३५,०००/- | ट्रफि,मेडल र प्रमाण पत्र | पुरस्कार रकममा नियमानुसार कर कट्टी गरिनेछ । |
| २ | द्धितीय | २५,०००/- | ट्रफि,मेडल र प्रमाण पत्र | |
| ३ | तृतीय | १५,०००/- | ट्रफि,मेडल र प्रमाण पत्र | |
| ४ | सान्त्वना | १०,०००। | ट्रफि,मेडल र प्रमाण पत्र | |

"व्यावसायिक र सिर्जनशिल प्रशासन: विकास,समृद्धि र सुशासन"
फोन: ०९६४११००४, टोल फ्रि नम्बर १८१० ५०००० १६३
ईमेल:parshurammun@gmail.com, वेवसाइट:http://www.parshurammun.gov.np

Scanned with CamScanner

पत्र संख्या :-२०८१/०८२
चलानी नम्बर :- ६६४

**प्रतियोगितामा सहभागी हुने विद्यालयहरुले पालना गर्नुपर्ने शर्त तथा नियमहरु:**

१. सहभागी हुने विद्यार्थीहरु माध्यमिक विद्यालयको कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत र १८ वर्ष ननाघेको ( जन्ममिति २०६३ साल वा सो भन्दा पछिको ) हुनुपर्नेछ।

२. प्रतियोगितामा सहभागी विद्यार्थीहरुले जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र कक्षा ८ वा १० को अन्तिम परीक्षाको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

३. प्रतियोगितामा सहभागी प्रत्येक विद्यार्थीहरुले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० को अनुसूचि १ बमोजिमको फारम अनिवार्य रुपमा भरी सम्बन्धित विद्यालयको प्र.अ.बाट प्रमाणित गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ। साथै प्र. अ. ले प्रमाणित गरेको विवरणमा कुनै विवाद उत्पन्न भएमा प्र.अ. स्वयम जिम्मेवार हुनुपर्नेछ।

४. प्रतियोगितामा सहभागी विद्यार्थीहरुले एक खेल विधा (भलिवल वा कबड्डी वा एथलेटिक्स वा मार्सल-आर्ट) मा मात्र सहभागी हुन पाउनेछन् (कबड्डी खेलका खेलाडीको तौल छात्र ७० कि. ग्रा. र छात्राको हकमा ६५ कि. ग्रा.वा सो भन्दा कम हुनुपर्नेछ।

५. भलिवल खेलको हकमा लिब्रो खेलाडीको ड्रेसको रगं छुट्टै हुनुपर्नेछ।

६. एथलेटिक्स् विधा तर्फः एक ट्र्याक दुई फिल्ड वा एक फिल्ड दुई ट्र्याकको नियमानुसार सहभागी हुन पाउनेछन्। यो नियम रिलेको हकमा लागु हुने छैन।

७. विद्यालयले खेलाडीको खेलमा अनुशासन कायम गर्नुपर्नेछ। अनुशासन विपरित कार्य गर्ने खेलाडी र विद्यालयलाई अनुशासन सम्बन्धी कारवाही गरिनेछ।

८. दर्ता अवधिमा दर्ता भएका विद्यार्थी/ खेलाडी बाहेक प्रतियोगिता सञ्चालन हुँदा कुनैपनि विद्यार्थी/ खेलाडीहरु परिवर्तन गर्न पाइने छैन।

९. खेलाडीको खाना/खाजा, जर्सी/पोशाक र सुरक्षा लगायतका सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालय/विद्यार्थीको हुनेछ।

१०.गैर विद्यार्थी तथा १८ वर्ष भन्दा बढी उमेर समुहका विद्यार्थीले यस प्रतियोगितामा भाग लिन पाउने छैन। यदि कसैले भाग लिई प्रतियोगितामा पदक प्राप्त गरेको खण्डमा त्यस्तो पदक खोस्ने र निकटतम प्रतिस्पर्धी खेलाडीलाई प्रदान गरिने तथा सो विद्यार्थीलाई आगामी प्रतियोगितामा सहभागी गराइने छैन।

- दर्ता मितिः२०८१/०८/ २१ देखि २०८१/०९/१३ गते कार्यालय समय भित्र।
- स्थानः शिक्षा, युवा तथा खेलकुद शाखा प.न. पा. १२ सिद्दाथान स्थित नगरपालिका भवन
- खेल सञ्चालन मितिः २०८१/०९/ १८ देखि
- समयः विहान ८:०० बजे देखि

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

परशुराम नगरपालिका

नगर स्तरीय पन्ध्रौं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोतिता-२०८१ मा समावेश गरिएका खेलहरु

| खेलको नाम | खेलाडी संख्या |
|---|---|
| १. भलिबल | |
| छात्र | ९ |
| छात्रा | ९ |
| २.कबड्डी | |
| छात्र | ९ |
| छात्रा | ९ |
| ३. एथलेटिक्स | |
| (क) दौड (ट्र्याक) तर्फः | |
| छात्र:१००मि., २०० मि., ४००मि., ८०० मि., १५००मि., ३०००मि., ४x१००मि. रिले र ४x४००मि. रिले | |
| छात्रा: १००मि., २०० मि., ४००मि., ८०० मि., १५००मि., ३०००मि., ४x१००मि. रिले र ४x४००मि. रिले | |
| (ख) उफ्रने र फ्याक्ने( फिल्ड ) तर्फः | |
| छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम र सटपट १२ पाउण्ड। | |
| छात्राः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम र सटपट ८ पाउण्ड। | |
| ४.मार्सल- आर्ट तर्फः | |
| (क) करांते (सितेरियो): | |
| छात्रः u-४२ केजी, u-४७ केजी, u-५२ केजी,u-५७ केजी,u-६२ केजी,काता एकल | |
| छात्राः u-४० केजी, u-४५ केजी, u-५० केजी,u-५५केजी, u-६० केजी, काता एकल | |
| (ख) तेक्वान्दो: | |
| छात्रः u-४५ केजी, u-४८ केजी, u-५१ केजी,u-५५ केजी, u-५९ केजी,काता एकल | |
| छात्राः u-४२ केजी, u-४४ केजी, u-४६ केजी,u-४९ केजी, u-५२ केजी, काता एकल | |
| | |

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

## सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

### प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना

१. सहभागी विद्यार्थीको नाम :

२. विद्यालयको नाम / ठेगाना :

३. अध्ययनरत कक्षा :

४. जन्म मिति :

५. सहभागी हुने खेल :

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

फोटो

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयवाट छनौट भएमा | स्थानीय तहवाट छनौट भएमा | जिल्लावाट छनौट भएमा | प्रदेशवाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोवाइल/ फोन नं: | मोवाइल/ फोन नं: | मोवाइल/ फोन नं: | मोवाइल/ फोन नं: |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।



Scanned with CamScanner